# पल्मोनरी फङ्क्शन टेस्ट

## Pulmonary Function Tests

Pulmonary function tests, also called lung function tests, measure how much air and how well air moves in and out of your lungs. The tests check how your lungs work. They may be done to check for lung disease, how you respond to your treatment, or how well your lungs work before surgery.

**Arrive on time for your tests.** The tests take about 1 hour.

पल्मोनरी फङ्क्शन टेस्टले, जसलाई फोक्सोको कार्य जाँच पनि भनिन्छ, तपाईंका फोक्सोबाट हावा कति मात्रामा र कति राम्रोसँग भित्रिन्छ अनि बाहिरिन्छ भन्ने मापन गर्दछ। यस टेस्टले तपाईंका फोक्सोले कसरी कार्य गर्दै छ भन्ने जाँच गर्दछ। फोक्सोका रोगको पत्ता लगाउन, तपाईंको उपचारले कतिको असर गर्दैछ, वा शल्यक्रियाअघि तपाईंका फोक्सोले कति राम्ररी कार्य गरिरहेका छन् भनी यी टेस्ट गर्न सकिन्छ।

**आफ्नो टेस्टका लागि समयमा आइपुग्नुहोला।** यी टेस्ट गराउन करिब 1 घण्टाको समय लाग्दछ।

## To Prepare


- Do not smoke for 4 to 6 hours before the tests.
- Only eat a small meal before the tests, so you can take deep breaths during the tests.
- Do not do any hard exercise for at least 30 minutes before the tests.
- If you take lung medicine, your doctor will tell you which medicines you need to stop taking and how long before the tests.

## तयार गर्नको लागि

- टेस्ट गराउनुअघि 4 देखि 6 घण्टा धूम्रपान नगर्नुहोस्।
- टेस्ट गराउनुअघि थोरै मात्रामा मात्रै खानुहोस्, जसबाट टेस्टको दौरान तपाईंले गहिरो सास फेर्न सक्नुहुन्छ।
- टेस्ट गराउनुअघि कम्तीमा 30 मिनेट पहिले कुनै कडा व्यायाम नगर्नुहोस्।
- यदि तपाईंले फोक्सोका औषधि सेवन गर्नुहुन्छ भने टेस्ट पूर्व कुन औषधि खान बन्द गर्नु पर्दछ र कति समयका लागि भनी तपाईंका डक्टरले तपाईंलाई बताउने छन्।

## During the Tests

- You sit in a chair and a soft clip is put on your nose so that you breathe through your mouth.
- You breathe in and out through a mouthpiece that goes into a tube to a machine. Be sure to have a tight seal around the mouthpiece.



## टेस्टको दौरान

- तपाईंलाई कुर्सीमा बसाइने छ अनि मुखबाट सास फेर्नका लागि तपाईंको नाकलाई नरम क्लिप लगाएर बन्द गरिने छ।
- तपाईंले एउटा माउथपिस मार्फत सास फेर्नुहुनेछ जसको ट्युब एउटा मेशिनसँग जोडिएको हुन्छ। माउथपिस वरिपरिबाट हावा ननिस्कोस् भनी राम्रोसँग कसेर राख्न सुनिश्चित गर्नुहोस्।

- You may be asked to:
  - Breathe in as deeply as you can and then blow air out as fast as you can.
  - Breathe normally and then take in as big a breath as you can.

- तपाईंलाई भन्न सकिन्छ:
  - सकेसम्म गहिरो सास लिनुहोस् अनि जतिसक्दो तेज गतिमा सास बाहिर छोड्नुहोस्।
  - सामान्य ढङ्गले सास फेर्नुहोस् अनि त्यसपछि जतिसक्दो गहिरो सास लिनुहोस्।

## Other Tests

- You may be given medicine to inhale and have more testing to see the effect of the medicine.
- A blood sample may be taken to measure the oxygen in your blood.

Tell the staff if you need to rest during the tests, or if you feel dizzy or have any trouble breathing.

## अन्य टेस्ट

- तपाईंलाई सासमार्फत औषधि दिइन सकिन्छ र औषधिको असर हेर्नका लागि थप टेस्ट गर्न सकिन्छ।
- तपाईंको रगतमा अक्सिजनको मात्रा नाप्न रगतको नमुना लिन सकिन्छ।

टेस्टको दौरान यदि तपाईंले आराम गर्नु पर्ने आवश्यकता हुन्छ भने, वा तपाईंलाई रिंगटा चल्छ वा सास फेर्नमा कुनै कठिनाइ हुन्छ भने स्टाफलाई बताउनुहोस्।

## After the Tests

- You may feel tired and need to rest.
- The results of your tests are sent to your doctor. Your doctor will share the results with you.

**Talk to your doctor or nurse if you have any questions or concerns.**

## टेस्टपछि

- तपाईं थाकेको र आराम गर्नु आवश्यक महसुस गर्न सक्नुहुन्छ।
- तपाईंका टेस्टका परिणामहरू तपाईंका डक्टरलाई पठाइने छ। तपाईंको चिकित्सकले तपाईंसँग नतिजाहरू साझा गर्नुहुनेछ।

**तपाईंसित कुनै प्रश्नहरू वा चिन्ताहरू छन् भने, तपाईंको डक्टर वा नर्ससित यसबारे कुरा गर्नुहोस्।**

© 2009 - February 1, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.